अनुसूची- ३

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बलवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड १ संख्या ६ मिति २०८१/०८/२८

भाग-२

# नगर शिक्षक व्यवस्थापन कार्यविधि
# २०८१

# नगर शिक्षक व्यवस्थापन कार्यविधि

प्रस्तावना - विद्यालय शिक्षालाई सर्वसुलभ व्यवस्थित, मर्यादित एवम् गुणस्तरीय बनाई सबै नागरिकमा शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता गर्ने उद्देश्यले यस नगरपालिका भित्रका मा.वि र आधारभूत नि.मा. वि र प्रा. वि तह सञ्चालित न्युन दरबन्दी भएका विद्यालयहरुको पठनपाठनमा सहयोग पुयाउन आवश्यक देखिएकाले नगर शिक्षक व्यवस्थापन र परिचालन गर्नका लागि "नगर शिक्षक छनौट कार्यविधि २०८१ बलवा  नगरपालिका नगर कार्यपालिकाले मिति २०८१।०८।२७ गते स्वीकृत गरी लागू गरेको छ ।

## परिच्छेद १

१. **प्रारम्भिक :-** संक्षिप्त नाम र प्रारम्भ कार्यविधिको नाम "नगर शिक्षक छनोट कार्यविधि २०८१ रहने छ । यो कार्यविधि बलवा  नगर कार्यपालिकाले पारित गरेको मिति देखि लागू हुनेछ । यस आ.व २०८१।०८२ को कार्यपालिकाको निर्णय मिति देखि वा निरन्तरता भएका नगर शिक्षकहरु समेत यसै कार्यविधि अनुसार नियुक्त भएको मानिने छ ।

**२. परिभाषा विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-**

क कार्यविधि भन्नाले 'नगर शिक्षक छनौट कार्यविधि २०८१ सम्झनुपर्छ ।

ख "मा.वि" भन्नाले ९-१२ सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

ग "आधारभूत नि.मा.वि भन्नाले ६-८ सम्म सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

घ "आधारभूत प्रा.वि" भन्नाले १-५ सम्म सञ्चालन भएका विद्यालयहरु सम्झनुपर्छ ।

ङ. "व्यवस्थापन समिति" भन्नाले विद्यालयको विकासको लागि नियमानुसार गठन भएका विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

बलवा नगरपालिका

च "शिक्षक अभिभावक संघ” भन्नाले विद्यालयको शैक्षिक गुणस्तर विकासको लागि नियमानुसार गठन भएको शिक्षक अभिभावक संघलाई सम्झनुपर्छ।

छ "प्र. अ." भन्नाले विद्यालयको शैक्षिक एवम् प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ।

ज. "नगर शिक्षक भन्नाले यस नगरपालिकाबाट नियुक्त मा.वि. र आ.वि. तहमा पढाउने व्यक्तिलाई सम्झनुपर्छ ।

झ. न.पा. भन्नाले बलवा नगरपालिकालाई सम्झनुपर्छ ।

ञ. "कर्मचारी" भन्नाले विद्यालयलाई सशर्त अनुदानप्राप्त दरबन्दी र अनुदान तथा विद्यालयले आफ्नो आवश्यकतानुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, विद्यालय सहायक, विद्यालय सहयोगी, लाइब्रेरियन, चौकीदार र स्वीपर (शौचालय सफाइ कर्मी लाई सम्झनुपर्छ ।

ट. "अभिभावक "भन्नाले विद्यालयमा आफ्ना विद्यार्थी भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालन पोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ ।

ठ. आयोग "भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ ।

ड "विषय विज्ञ" भन्नाले नगरपालिका बाट तह गत सुचिकृत भएका व्यक्ति वा जिल्ला शिक्षा समन्वय ईकाइ बाट सुचिकृत भएका व्यक्तिहरुलाई सम्झनुपर्छ ।

ढ "सम्बन्धित निकाय भन्नाले नगरपालिका, शिक्षा विकास तथा समन्वय इकाइ, प्रदेश शिक्षा निर्देशनालयलाई, शिक्षा तथा मानव विकास केन्द्र लाई प्रसंग अनुसार सम्झनुपर्छ ।

ण. अन्यशब्द, नियमावली र पदको अर्थ प्रचलित ऐन, कानून र नियमानुसार रहेको सम्झनुपर्छ ।

## परिच्छेद २

## नगर शिक्षक व्यवस्थापन, दरबन्दी र शैक्षिक योग्यता

३. नगर शिक्षक व्यवस्थापन बलवा नगरपालिकाले छनौट गरेका नगर शिक्षक निम्नानुसार वितरण गरिने छ ।

बलवा नगरपालिका

| सि.न. | तह | माँग संख्या | बिषय | | | |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक | १० | नेपाली | अंग्रेजी | गणित | विज्ञान |
| | | | ३ | २ | १ | ४ |
| सि.न. | तह | माँग संख्या | बिषय | | | |
| १ | निम्न माध्यमिक | ८ | कम्प्यूटर | अंग्रेजी | गणित | विज्ञान |
| | | | २ | २ | २ | २ |
| सि.न. | तह | माँग संख्या | सधारण | कम्प्यूटर | | |
| १ | प्राथमिक | १७ | १५ | २ | | |

**४. शैक्षिक योग्यता**

क. दरखास्त दिने उम्मेदवारको शैक्षिक योग्यता सम्बन्धित तहका लागि शिक्षा नियमावली २०५९ र शिक्षा सेवा आयोग नियमावली २०५७ संशोधन सहित मा तोकिए बमोजिम हुनेछ ।

**५. उम्मेदवारको अयोग्यता :**

(१) देहायका उम्मेदवार शिक्षक पदमा उम्मेदवार हुनका लागि योग्यहुन सक्ने छैनन्

क. गैर-नेपाली नागरिक

ख. १८ वर्ष उमेर नपुगेको र ४० वर्ष उमेर नाघको

ग. मगज नबिग्रेको ।

घ. नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएका

ङ. भविष्यमा सरकारी नोकरीको लागि अयोग्य ठहरिने गरी सेवाबाट पद च्यूत गरिएको

च. सम्बन्धित तहका लागि योग्यता नपुगेको व्यक्ति

२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएतापनि शैक्षिकसत्र २०८१ का लागि शिक्षक छनौट गर्दा बलवा नगरपालिका अन्तगतका विद्यालयमा

बलवा नगरपालिका

विगत देखि नै अनवरत रुपमा निजी स्रोतमा विद्यालय व्यवस्थापन समितिले नियुक्त दिई वा नगरपालिकाको श्रोत बाट काम काज गर्दै आएका शिक्षकहरुको हकमा उम्मेदवार हुन एक पटकको लागि उमेरको हद लाग्ने छैन

## परिच्छेद ३

## पदपूर्ति, नियुक्ति र काम कर्तव्य

६. पदपूर्तिः- नगरपालिकाबाट शिक्षक छनौट समितिले तोकिए बमोजिमको अनिवार्य र ऐच्छिक विषय समेत विद्यालयको आवश्यकतानुसारको विषयको शिक्षक पद खुल्ला प्रतियोगिता बाट निम्नानुसारको प्रक्रिया पुर्याई छनौट गर्नुपर्नेछ ।

क. विद्यालयलाई आवश्यक पर्ने शिक्षकहरुको लागि पद संख्या, आवश्यक योग्यता, उमेर परीक्षाहुने मिति. परीक्षाको किसिम, स्थान सहितको विवरण खुलाई कम्तीमा १५ (पन्ध्र दिनको म्याद राखी नगरपालिकाले विज्ञापन प्रकाशन गर्नुपर्नेछ । उक्त विज्ञापन नगरपालिकाको सूचनापाटी समेतमा प्रकाशित गर्नुपर्नेछ ।

ख. नियम ६ (क) बमोजिम प्रकाशित विज्ञापन अनुसारको दरखास्त उपर छानबिन गरी योग्यता पुगेका व्यक्तिलाई मात्र परीक्षामा सामेल गराई सफल उम्मेदवारको छनौट गर्नुपर्नेछ ।

ग. नगरपालिकामा नगर शिक्षक छनौटका लागि नगर कार्यपालिकाको निर्णय अनुसार देहाय बमोजिमका पाँच सदस्ये शिक्षक छनौट समिति रहनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको एक जाना अधिकृत स्तरको प्रतिनिधि -संयोजक

२. समन्धित विषय बिशेषज्ञ -सदस्य

३. शिक्षा विकास तथा समन्वय ईकाई प्रतिनिधि -सदस्य

४. जिल्ला प्रशासन कार्यालय महोत्तरी प्रतिनिधि -सदस्य

५. शिक्षा शाखा प्रमुख -सदस्य सचिव

घ. नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले प्रत्येक वर्षको चैत्र मसान्त भित्र विषय विज्ञको सूची अद्यावधिक गर्नेछ वा साविकको जिल्ला शिक्षा कार्यलय वा शिक्षा विकास तथा समन्वय ईकाईमा सूचीकृत भएको बिषय विज्ञ लाई उपयोग गरिनेछ ।

ङ. विषय विज्ञमा सुचीकृत हुनका लागि इच्छुक प्रत्येक शिक्षक वा श्रोत व्यक्तिले आफ्नो शैक्षिक योग्यताका प्रतिलिपि, तालिम तथा अध्यापनपत्रको प्रतिलिपि, स्थायी नियुक्तिको प्रतिलिपि पेश गर्नुपर्नेछ साथै आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार सम्बन्धित तह र विषयको १-१ प्रति उत्तर कुञ्जिका सहितको प्रश्नपत्र समेत नगरपालिकाको शिक्षा, युवातथा खेलकुद शाखामा बुझाउनु पर्नेछ ।

च. विषय विज्ञद्वारा निर्मित प्रश्नपत्रहरुलाई नगरपालिकाको शिक्षा, युवातथा खेलकुद शाखाले आवश्यकता अनुसार सम्बन्धित विषयको विज्ञ समेत समावेश र मोडेरेशन गरी प्रश्नपत्रलाई अन्तिम रूप दिई सिलबन्दी गरी प्रश्नपत्र गोप्य रुपमा राख्न सकिनेछ ।

छ. शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने लिखित, प्रयोगात्मक र अन्तरवार्ता जस्ता परीक्षाको केन्द्र नगरको सदरमुकाममा राख्नुपर्नेछ । तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक प्रशिक्षक छनौट गर्दा सञ्चालन गर्नुपर्ने प्रयोगात्मक परीक्षाको सम्बन्धित विषयको प्रयोगशाला भएको विद्यालयमा राख्न सकिन्छ ।

ज. माध्यमिक तहको विज्ञलाई आधारभूत तहको विज्ञका रूपमा पनि प्रयोग गर्न सकिनेछ । शिक्षक छनौट समितिले परीक्षा सञ्चालन हुन अगाडी नै विज्ञ मनोनित गर्नु पर्दछ ।

ञ. नगर कार्यपालिकाबाट स्वीकृत गरिएको यस निर्देशिकालाई सम्बन्धित सबैले पालना गर्नुपर्नेछ ।

**(७) शिक्षक छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

क. शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम अनुसार नै लिखित र अन्तरबाताको परीक्षाको प्रश्नपत्र तयार गर्ने वा विषय विज्ञहरुबाट तयार गरी परीक्षा लिने ।

ख. शिक्षक छनौट गर्नका लागि लिइने परीक्षाको समय र प्रक्रिया निर्धारण गर्ने तथा परीक्षा सम्बन्धी अन्य कार्य गर्ने ।

ग. लिखित परीक्षाको नतिजा सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट वर्णानुक्रमानुसार प्रचलित नियमानुसारको संख्यामा प्रकाशित गर्ने।

घ. उत्तीर्णाक प्राप्त गर्ने उम्मेदवार आवश्यक संख्यामा नभएमा जतिजनाले उत्तीर्णा गरेको छ त्यति व्यक्तिको नाम मात्र प्रकाशन गर्ने ।

ङ. सफल र वैकल्पिक उम्मेदवारको नामावली योग्यता क्रमानुसार प्रकाशन गर्ने ।

च. सफल र वैकल्पिक उम्मेदवारहरुको जानकारी सम्बन्धित नगरपालिकाका शिक्षक छनौट समितिले जानकारी गराईने छ ।

छ. शिक्षक छनौट समितिको बैठक सम्बन्धी र यस निर्देशिकामा उल्लेखित नभएका कुराहरुको हकमा थप कार्यविधि निधारण गरी कार्यान्वयन गर्ने।

**८ परीक्षा सञ्चालन, अन्तरवाता र योग्यताक्रम सम्बन्धीव्यवस्था**

क. शिक्षक छनौट समितिले लिने समान्य र विषयगत परिक्षाको पुर्णाङ्क १००, अन्तरवाता २५ पुर्णाङ्क र अन्तरवाताको अंक विभाजनमा अनुभव २, शैक्षिक प्रमाणपत्र ३ र मौखिक २० अंकको हुनेछ । साथै सामान्य परिक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत र विषय गत परिक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुने छ ।

ख. प्रश्नणपत्र शिक्षक छनौट समितिका सदस्यको रोहबरमा गोप्य रुपमा बिषय विज्ञ द्धारा तयार गराई गराइनेछ ।

ग. शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख वा नगरपालिकाले तोकेको अधिकृतको रोहबरमा सम्बन्धित परीक्षा केन्द्र वा नगरपालिकाको

हाताभित्र सम्बन्धित विज्ञ  वा रोष्टरमा सुचिकृत विषय विज्ञद्वारा उत्तरपुस्तिका परीक्षण गराइनेछ ।

घ. छनौट प्रक्रिया सम्बन्धी छनौट समितिको निर्णयहरु निर्णय पुस्तिकामा अनिवार्य रुपमा लेखिएको हुनुपर्दछ ।

ङ. परीक्षा सञ्चालनका सम्बन्धमा कुनै विषय विज्ञले अमर्यादित कार्य गरेमा, झूठा विवरण पेश गरे उम्मेदवारका बीच निष्पक्ष व्यवहार नगरेमा निजलाई विज्ञको सूचीबाट हटाउन सकिनेछ ।

च. परीक्षा सञ्चालनको खर्च व्यवस्था सम्बन्धमा समितिका पदाधिकारी वा विषय विज्ञलाई प्रचलित नियमानुसार पारिश्रमिक उपलब्ध गराइनेछ।

९. **नियुक्तिः-** नगरपालिकाको अनुदानबाट शिक्षकहरुको नियुक्ति निम्न प्रक्रियाअनुसार गरिनेछ

क. शिक्षक छनौट समितिको सिफारिसमा सफल उम्मेदवारलाई एक पटकमा एक शैक्षिक सत्रको लागि करारको रुपमा नगरपालिकाले नियुक्ति दिनेछ।

ख. नगरपालिकाको नगर स्वयं सेवक शिक्षकका लागि रकम विनियोजनलाई निरन्तरतादिएको खण्डमा अर्को शैक्षिक सत्रको लागि सम्झौताको म्याद थप गर्न सकिनेछ । तर एक पटकमा एक आर्थिक वर्ष भन्दा बढी समयका लागि म्याद थप गर्न सकिने छैन ।

ग. सफल उम्मेदवारको नतिजा प्रकाशनभई नियुक्तिको लागि सूचना प्रकाशित भएको ५ (पाच) दिन भित्र सम्झौता गरी सक्नुपर्नेछ अन्यथा वैकल्पिक उम्मेदवारलाई सम्झौता गराइनेछ ।

घ. सफल भएका शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिर नगराएको खण्डमा त्यस्ता विद्यालयको कोटा आवश्यकताको आधारमा अन्य विद्यालय लाई नगरपालिकाको निर्णयानुसार दिइनेछ ।

ङ. परीक्षण अवधि छ (६) महिनाको हुनेछ ।

च. नगरपालिकाले आवश्यकता अनुसार नगर स्वयं सेवक शिक्षकहरुलाई फरक फरक विद्यालयमा खटाई कामकाज गराउन सक्नेछ ।

**१०  काम कर्तव्यः** नगर स्वयंसेवक शिक्षकहरुको काम कर्तव्य निम्नानुसार हुनेछ ।

क.  विद्यालयमा नियमित रूपमा हाजिर भई अध्यापन गराउने ।

ख.  विद्यालयले तोकेको अन्य कायहरु जिम्मेवारीका साथ गर्ने गराउने ।

ग.  प्रधानाध्यापकको निर्देशनानुसारको कामकाज गर्नुपर्ने ।

घ.  विद्यालयको भौतिक सम्पत्तिको संरक्षण गर्ने ।

ङ.  विद्यालयको शैक्षिक वातावरण निर्माणमा सहयोग गर्ने ।

च.  विद्यालयका गोप्य कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा भग गर्न पाइने छैन ।

छ.  आफ्नो जिम्मेवारी अनुसारको कार्य विदाको दिनमा पनि गर्नुपर्ने ।

## परिच्छेद ४

## तलब भत्ता र बिदा

**११ तलब भत्ता :-**नगर स्वयंसेवक शिक्षकहरुको तलबभत्ता नगरपालिकाको कार्यालयबाट मासिक वा चौमासिक रुपमा १२ महिनाको तलव भत्ता उपलब्ध गराइनेछ ।

**१२ विदा**ः-

क.  शिक्षकले वर्ष भरीमा भैपरी आउने बिदा ६ दिन, पर्व विदा ६, बिरामी विदा १२ दिन र क्रियाविदा शिक्षानियमावली अनुसार १५ दिन तथा सुत्केरी विदा सुत्केर हुनु अघि वा पछि गरी ६० दिन र प्रसूति स्याहार विदा १५ दिन सेवा अवधिभरिमा २ पटक पाउनेछन् ।

ख.  विदामा बस्नु पर्दा विदा पूर्व स्वीकृत गराउनु पर्नेछ ।

ग.  बिरामी विदा जति भएपनि सञ्चित गर्न सकिनेछ तर सो बापतको रकम पाइने छैन ।

घ.  विदा सहुलियत हो अधिकार होइन ।

## परिच्छेद ५

## शिक्षकको आचारसहिता

१३ **आचारसंहिताः** नगरपालिकाबाट नियुक्त नगरशिक्षकले तपसिल अनुसारको आचार संहितापालना गर्नुपर्नेछ ।

क. नियमित रूपमाप्रत्येक दिन विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको आफ्नो जिम्मेबारी पूरा गर्ने ।

ख. विद्यार्थी र शिक्षक बीच मित्रवत रुपमाव्यवहार कायम गर्ने ।

ग. आफ्नो पेशाप्रति इमान्दारिताका साथ विद्यालयको चौतर्फी विकासमा जोड दिने ।

घ. जुनसुकै परिस्थितिमा पनि विद्यालयका गोप्य हुनुपर्ने कुराहरुलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा भङ्ग गर्न पाइने छैन ।

ङ. पद अनुसारको आचरण पालना गरेको हुनुपर्दछ ।

च. विद्यालयको हित विपरीत कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, तालाबन्दी गर्ने, शारीरिक तथा मानसिक दबाब दिने उद्देश्यले कुनै किसिमको कार्य गर्न वा गराउन समेत पाइने छैन ।

छ. विद्यालय हाता भित्र धुम्रपान, सुर्तीजन्य पदार्थ सेवन गर्न पाइने छैन ।

ज मादक पदार्थ सेवन गरी विद्यालय भित्र प्रवेश गर्न पाइने छैन ।

झ. आर्थिक अनुशासन भित्र रहनु पर्नेछ ।

ञ. विदामा बस्दा विदा स्वीकृत गराएर मात्र बस्न पाइने छ ।

ट. शिक्षककर्मचारीले पालना गर्नुपर्ने यस कार्यविधिमा छुट भएका अन्य आचारसंहिताको हकमा शिक्षानियमावली २०५९(संसोधन समेत) र शिक्षा ऐन २०२८ (संसोधन समेतले निर्दिष्ट गरेको आचार संहिताको पालना गरेको हुनु पर्नेछ ।

## परिच्छेद ६
## सजाय र पुरस्कार सम्बन्धी व्यवस्था

१४. **सजायः** उचित र पर्याप्त कारण भएमा नगरपालिकाबाट नियुक्त नगर शिक्षकलाई देहायबमोजिमको सजाय गर्न सकिनेछ ।

क. नसिहतदिने ।

ख. तलब रोक्का गर्ने ।

ग. आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्न ।

घ. निश्चित समयको लागिनिलम्बन गर्ने ।

ङ. सेवाबाट हटाउने वा बरखास्त गर्ने ।

१५ **नसिहत दिने**:- नगर शिक्षकले विद्यालयमा समयमा नआउने जिम्मा दिएको काम समयमा नगर्ने र जाने समय पालन नगरेको खण्डमा निजलाई नसिहत दिन सकिनेछ ।

१६. **तलब रोक्का गर्ने**:- देहायका अवस्थामा नगरपालिकाको नगर स्वयंसेवक शिक्षकको तलब रोक्का गर्न सकिने छ ।

क. अनुशासनहीन काम गरेमा ।

ख. बारम्बार विद्यालयले दिएको निर्देशन पालना गरेमा ।

ग. बारम्बार बिना सूचना विद्यालयमा अनुपस्थित रहेमा ।

घ. विद्यालयको काम समयमा सम्पन्न नगरेमा ।

ङ. विद्यालय प्रशासनले दिएको मौखिक वा लिखित आदेश पालना नगरेमा ।

च. आफ्नो पदीया जिम्मेवारी बहन नगरेमा ।

छ. मादकपदार्थ सेवन गरी विद्यालयमा आउने गरेमा ।

ज. विद्यालयको गोपनियता भङ्ग गरेमा ।

झ. यस कार्यविधिमा उल्लेखित आचारसंहिताको पालना नगरेमा ।

१७. **आवश्यक क्षतिपूर्ति गराई जरिवाना गर्ने**:- नगरपालिकाबाट नियुक्त कुनै पनि नगर शिक्षकले जानाजानी लापरबाही गरी प्रचलित कानुन उल्लघन गरी विद्यालयलाई कुनै हानि-नोक्सानी गरे वा गराएमा त्यसरी हुनगएको क्षतिको रकम आनशिक वा पूरा तलब बाट कट्टा गरी असुल उपर गरिनेछ एवम् तलबबाट नपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

१८ **निश्चित समयको लागि निलम्बन गर्ने**:- नगरपालिकाबाट नियुक्तहुने कुनै पनि नगर शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमाजाच गर्नुपरेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागिनिलम्बन गर्न सक्नेछ।

**१९. सेवाबाट हटाउने बाखस्त गर्ने :-** देहायका अवस्थामा नगरपालिकाबाट नियुक्त नगरशिक्षकलाई भविष्यमा सेवाबाट हटाउन सकिनेछ ।

क. आफ्नो पदीय जिम्मेवारी बहन नगरेमा ।

ख. मादकपदार्थ सेवन गरी विद्यालयमा आउने गरेको कुरा प्रमाणित भएमा ।

ग. विदा स्वीकृत नगराई विद्यालयको प्रशासनिक, शैक्षिणिक कार्य रोकिने गरी १५ (पन्ध्र) दिनभन्दा वढी अनुपस्थित भएमा ।

घ. विद्यालयलाई हानि नोक्सानी हुने गरी कार्य बारम्बार गरेमा ।

ङ. पदीय रूपमा विद्यालयको गोपनियता भंग गरेमा ।

च. अनुशासन तथा आचरण सम्बन्धित व्यवहार उलङ्घन गरेमा ।

छ. नैतिकपतन देखिने गरी कुनै किसिमको कार्य गरेको व्यहोरा प्रमाणित भएमा ।

ज. मगज बिग्रेमा कि विद्यालयलाई असर पर्ने गरी तथा एउटै समयमा अन्य संस्थामा काम गरेमा ।

झ. भ्रष्टाचार गरेको कुरा प्रमाणित भएमा ।

ञ. नोकरी पाउने उद्देश्यले जाली प्रमाण पत्र पेश गरेमा ।

**२० सफाइको अवसर दिनुपर्ने**

क. सजाय दिन पाउने अधिकारीले नगरपालिकाबाट नियुक्त गरिएको नगर शिक्षकलाई सजाय गर्ने आदेश दिनुभन्दा अधि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन । त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्याद भित्र आफ्नो सफाई पेश गर्नुपर्नेछ ।

**२१. सजाय गर्ने अधिकारी** :- नगर शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछन्।

क. शिक्षकलाई चेतावनी दिन नसिहत दिने गयलकट्टा गर्ने प्र.अ.

ख. तलब रोक्का गर्ने प्र अ को सिफारिसमा शिक्षा, यथातथा खेलकुद शाखा प्रमुख ।

ग. सेवाबाट हटाउने वा बरखास्त गर्ने वि व्य स को सिफारिसमा नगर शिक्षा समिति ।

२२ **पुरस्कार** : उत्कृष्ट सिकाइ उपलब्धि हासिल हुने गरी शिक्षण सिकाइ क्रियाकलाप गर्ने र विद्यालयको व्यवस्थापनमा सहयोग पुण्याई गुणस्तरीय शिक्षाको विकासमा सहयोग पुयाउने शिक्षकहरुलाई नगर शिक्षा समितिले पुरस्कृत गर्न सक्नेछ।

## परिच्छेद ७
## विविध

२४ **विविध :-**

क. यस नगर शिक्षक छनौट कार्याविधि २०८१ मा आवश्यकतानुसार थपघट गर्ने अधिकार नगर कार्यपालिकामा रहने छ ।

ख. नगरपालिकाबाट नियुक्त नगर शिक्षकलाई आवश्यकतानुसार नगरपालिकाले निरन्तरतादिन सक्नेछ ।

ग. यो कार्याविधि जारी भएपछि संघीय सरकार र प्रदेश सरकारबाट शिक्षण सिकाइ सहयोग अनुदान प्राप्त भइ विद्यालयतहमा शिक्षक नियुक्ति गर्नुपरेमा यसै कार्याविधि बमोजिम गर्न सकिने छैन ।

घ. यस कार्यविधिमा उल्लेख नभएको कुराहरुको हकमा शिक्षा ऐन २०२८ (संसोधन समेत), शिक्षा नियमावली २०५९ संसोधन समेत) र शिक्षक सेवा आयोग नियमावली २०७५ (संसोधन समेत अनुसार हुनेछ ।

ङ. यस कार्यविधि बमोजिम कार्य सम्पन्न गर्दा कुनै द्विविधा वा बाधा उत्पन्न भएमा नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

आज्ञाले,

रमेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत